Govt. Regd. No. 158502/073/074

OSRDigital
Entertaining the Nation Pvt. Ltd.

Ghattekulo 29, Kathmandu, Nepal
www.osrdigital.com.np
osrdigitalnp@gmail.com
+977 - 014517856

## "बोक्सीको घर" चलचित्रको पाइरेसी भएको सन्दर्भमा उक्त पाइरेसी रोक्नको लागि जारी गरिएको विज्ञप्ती

नेपाली कथानक चलचित्र "बोक्सीको घर" मिति २०८१।१।१४ मा प्रदर्शनी शुरु भई फिल्म हलमा राम्रो व्यवसायिक सफलता हासिल गर्ने क्रममा रहेको आशातित चलचित्र हो । उक्त चलचित्रको नन थियाट्रिकल राइट्स करार मार्फत यस ओ.एस.आर. डिजिटल इन्टरटेनिङ्ग द नेशन प्रा.लि. ले प्राप्त गरी उक्त चलचित्रको सम्पूर्ण अधिकार ( फिल्म हलमा प्रदर्शन गर्ने बाहेकका ) यस कम्पनीमा निहित रहेको छ ।

यद्यपी उक्त नेपाली कथानक चलचित्र "बोक्सीको घर"को केही अंशहरु पाइरेसी गरी अनधिकृत रुपमा विभिन्न सामाजिक संजालमा प्रयोग/अपलोड गरी दुरुपयोग भएको पाइएको विषयमा हाम्रो गम्भीर ध्यानाकार्षण भएको छ । यस्ता कार्यले यस कम्पनीले उक्त चलचित्रमा गरेको लगानीमा नकारात्मक असर पुग्ने साथै उपेक्षित रुपमा व्यापार हुन नसकी ठूलो आर्थिक नोक्सानी समेत हुने तथा यस्तो कार्य नेपालको प्रचलित कानून एवं नैतिकता समेतको विपरीत भई दण्डनीय भएकोले यस्ता कार्यमा संलग्न रहेका व्यक्तिहरु कानूनी रुपमा सजायको भागेदार रहने कुरा अवगत गराउन चाहन्छौं । यस्ता कार्यमा संलग्न सम्पूर्णलाई आफ्नो सामाजिक संजालहरुबाट यथाशिघ्र उक्त चलचित्रका प्रयोग भएका अंशहरु हटाउनु हुन सूचित गरिन्छ । कथंकदाचित हटाएको नपाइएमा हामी कानूनी उपचार अवलम्बन गर्न बाध्य हुने समेत अवगत गराउँदछौं ।

पुनश्चः पाइरेसी गरेमा रु.१०,०००/- (अक्षरेपी दश हजार रुपैयाँ) देखि रु.१,००,०००/-(अक्षरेपी एक लाख रुपैयाँ) सम्म जरिवाना वा ६(छ) महिनासम्म कैद वा दुबै सजाय हुने र नोक्सानीको क्षतिपूर्ति भराईदिनु पर्ने कानूनी व्यस्था रहेको छ भने आजको सूचना प्रविधिको युगमा कुनै पनि छद्म नामबाट समेत सामाजिक संजालको दुरुपयोग गर्ने कुनै पनि प्रयोगकर्ता कानूनी कारवाहीबाट उम्कन नसक्ने व्यहोरा समेत अवगत गराउन चाहन्छौं ।

OSRDigital
Entertaining the Nation Pvt. Ltd.

सुमित्रा थापा

प्रमुख प्रशासकिय अधिकृत

ओ.एस.आर. डिजिटल इन्टरटेनिङ्ग द नेशन प्रा.लि.

मितिः २०८१।०१।१८